# नयाँ कोरोना भाइरस संक्रमण सम्बन्धी तोचिगी नगरपालिकाको आपतकालिन अवस्थाको घोषणा (२०२० साल अप्रिल १८ तारिक)

नयाँ कोरोना भाइरस संक्रमणको रोकथामाका लागि राज्यले अप्रिल १६ देखि सबै प्रान्तहरुमा आपतकालिन अवस्थाको घोषणा जारी गरेपछि तोचिगी प्रान्तले पनि अप्रिल १७ तारिकमा आपतकालिन अवस्थाका रणनीतिहरु घोषणा गरेको छ ।

तोचिगी नगरपालिको सन्दर्भमा हामीले नयाँ कोरोना भाइरस संक्रमणको प्रतिरोधात्मक नीति स्थापना गरी कार्यक्रमहरु आयोजनामा रोक, नगरपालिका स्वामित्वका सार्वजनिक सुविधाहरुको प्रयोगमा रोक, बाहिर जानबाट रोक्नका लागि आग्रह आदि गरिए पनि हालै सार्वजनिक गरिएको संक्रमित व्यक्तिको संख्या प्रान्तमा दोस्रो ठुलो तथा प्रान्तको प्रति १ लाख जनसंख्याको अनुपातमा हेर्दा संक्रमित व्यक्तिको संख्या प्रान्तभित्रमा सबैभन्दा उच्च छ। साथै, प्रान्तका हालैको संक्रमित संख्या १० जनामध्येमा आधा ५ जना ताचिगी नगरपालिकाको व्यक्तिहरु रहेकाले संक्रमणमा नियन्त्रण भएको देखिएको छैन ।

यस्तो अवस्थालाई मध्यनजर गर्दै सबै नगरवासीहरु एकजुट भएर संक्रमण फैलनबाट रोक्नका लागि यहाँ आपतकालिन अवस्थाको घाषणा गर्दै सबै नगरवासिहरुलाई आजदेखि मे ६ तारिक सम्म निम्न कुराहरुको पालना गर्न दृढतापूर्वक आग्रह गर्दछु ।

- हात धुने, खोकी शिष्टाचार, मास्क लगाउने आदि संक्रमण रोकथामाका आधारभूत उपायहरुको पूर्ण पालना गर्ने ।

- दैनिक जीवनयापनका आवश्यकता बाहेक बाहिर जान आत्म–नियन्त्रण, व्यक्तिहरुबिचको सम्पर्कलाई ८०% घटाउने ।

- व्यवसायिक कार्यालयहरुमा सबैले प्रयोग गर्ने वस्तुहरुलाई किटनाशक वस्तुले सरसफाई गर्ने, राम्रोसँग हावा आवतजावत गर्ने व्यवस्था मिलाउने आदि संक्रमण रोकथामाका उपायहरुको पूर्ण पालन सहित कर्मचारीको स्वास्थ्य स्थितिको अवलोकन तथा संक्रमण रोकथामको लागि प्रयत्न गर्ने ।

२०२० साल अप्रिल १८ तारिक

तोचिगी नगरपालिका मेयर ओखावा हिदेको